


वर्ष ४१ | अंक ७ | नेपाल राष्ट्र बैंक समाचार | चैत २०७३ | मार्च–अप्रिल २०१७

# गभर्नर डा. नेपालद्वारा मौद्रिक नीतिको अर्द्धवार्षिक समीक्षा सार्वजनिक

गभर्नर डा. चिरंजीबि नेपालले फागुन १० गते काठमाडौंमा आयोजित एक समारोहमा आर्थिक वर्ष २०७३/७४ को मौद्रिक नीतिको अर्द्धवार्षिक समीक्षा सार्वजनिक गर्नुभयो । सो समारोहमा उहाँले आर्थिक वर्ष २०७३/७४ को मौद्रिक नीतिको अर्द्धवार्षिक समीक्षाको सारांश प्रस्तुत गर्नुहुँदै आर्थिक वृद्धिदर लक्ष्य अनुरुप रहने देखिएको, मुद्रास्फीति दर लक्षित सीमा भित्र रहने अनुमान रहेको, वैधानिक तरलता अनुपात दर तथा पुनरकर्जा दरलाई यथावत् राखिएको बताउनु भयो । साथै, उहाँले अर्द्धवार्षिक समीक्षामा गरिएका केही नयाँ व्यवस्थाहरुबाट आर्थिक गतिविधिहरुको विस्तार गर्न र वित्तीय क्षेत्र स्थायित्व कायम गर्न सहयोग मिल्ने विश्वास व्यक्त गर्दै कार्यक्रमका सहभागीहरुले राख्नु भएका जिज्ञासाहरुलाई पनि सम्बोधन गर्नुभयो ।




(गभर्नर डा. चिरंजीबि नेपालले सार्वजनिक गर्नु भएको आर्थिक वर्ष २०७३/७४ को मौद्रिक नीतिको अर्धवार्षिक समीक्षाको सारांश पेज ८ मा राखिएको छ ।)

# गभर्नर डा. नेपालद्वारा एकीकृत कारोबारको शुभारम्भ

गभर्नर डा. चिरंजीबि नेपालले फागुन १ गते काठमाडौंमा ग्लोबल आईएमई बैंक लिमिटेडले प्यासिफिक डेभलपमेन्ट बैंक लिमिटेडलाई प्राप्ति (Acquisition) गरे पछिको एकीकृत कारोबारको शुभारम्भ गर्नुभयो ।

एकीकृत कारोबारको अवसरमा डा. नेपालले बैंकका कर्मचारीहरुसँग आफ्नो व्यावसायिकतालाई ध्यान दिई काम गर्न आग्रह गर्नुभयो । बैंक सञ्चालकहरुले पनि जथाभावी कर्जा प्रवाह गर्ने र बढी नाफा कमाउने कार्य गर्न व्यवस्थापनमाथि दबाब दिन नहुने धारणा उहाँले राख्नु भयो । बैंकले नाफाको प्रतिशत हेर्नु भन्दा पहिला गुणस्तरीय सेवा पुऱ्याउने कार्यमा जोड दिनु पर्ने कुरा उहाँले बताउनु भयो ।



नेपाल राष्ट्र बैंकले छिट्टै कर्जा सम्बन्धी कार्यविधि ल्याउने तयारीमा रहेको बताउँदै गभर्नर डा. नेपालले वित्तीय क्षेत्रको स्थायित्वका लागि ऋणीले पनि धेरै हौसिएर कर्जा बढाउनुभन्दा आफ्नो क्षमता मूल्यांकन गर्नु पर्नेमा जोड दिनुभयो । मर्जरको उद्देश्य पुँजी वृद्धि गरी बैंक तथा वित्तीय संस्थाहरूलाई ठूलो आयोजनामा आफ्नो लगानी वृद्धिमा सक्षम बनाउनु रहेको हो भन्नु हुँदै गभर्नर डा. नेपालले देशको अर्थतन्त्र सुधारोन्मुख रहेको, शोधनान्तर बचत सन्तोषजनक रहेको र आर्थिक वृद्धि लक्ष्य अनुरूप नै हुने देखिएको बताउनु भयो ।

वित्तीय क्षेत्रमा हाल केही असहजता देखिएको तर त्यो सामान्य रहेको उहाँले उल्लेख गर्नु भयो । मुलुकभित्र उत्पादनशील क्षेत्रमा लगानी वृद्धि गर्न निजी क्षेत्रलाई प्रोत्साहन गर्नुपर्ने तथा नेपालमा छिमेकी मुलुकबाट आयात भएका खाद्यान्न वस्तु मुलुकभित्रै सजिलै उत्पादन गर्न

बाँकी २ पेजमा

# गभर्नर डा. नेपालद्वारा अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन

गभर्नर डा. चिरंजीबि नेपालले फागुन ३ गते काठमाडौंमा नेपाल चेम्बर अफ कमर्सद्वारा आयोजित व्यवसाय संचालनका विद्यमान चुनौती तथा बैंकिङ क्षेत्रको भूमिका विषयक अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्नुभयो ।




कार्यक्रममा गभर्नर डा. नेपालले बैंक तथा वित्तीय संस्था वित्तीय मध्यस्थकर्ता भएको स्मरण गराउँदै यस क्षेत्र समस्यामा आए सरकारले नै टेकओभर गर्ने गरेको बताउनु भयो । उहाँले जनताबाट उठाएको निक्षेपलाई सुरक्षा दिनु बैंक तथा वित्तीय संस्थाको दायित्व हो भन्नुभयो । नेपाल पूर्ण रूपमा परनिर्भर भएको र फूल समेत आयात गर्नु परेको प्रसंग उल्लेख गर्दै सरकारले ६.५ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्न १० खर्बको बजेट ल्याए पनि खर्च नभएको गभर्नर डा. नेपालले बताउनु भयो ।

बैकिङ क्षेत्रको नाफा अरु व्यवसायको नाफाभन्दा फरक छ भन्नु हुँदै गभर्नर डा. नेपालले पैसा र मुभमेन्ट सरल र सहज होस्, लगानीको वातावरण बनोस्, पारदर्शिता बढोस् भन्ने राष्ट्र बैंकको चाहना रहेको जानकारी दिनुभयो । व्यक्तिगत व्यवसाय बिग्रियो भने सरकारले दायित्व नलिने भएकोले सबैले बैंकसँग ऋण लिने बेलामा विचार गर्नुपर्ने धारणा उहाँले राख्नुभयो ।

गभर्नर डा. नेपालले बैंक तथा वित्तीय संस्थाहरूबाट आफूले कर्जा लिँदा कार्यविधि अध्ययन गरी मात्र लिन अनुरोध गर्नुभयो । नेपाल राष्ट्र बैंकले कार्यविधि परिवर्तन गर्ने प्रक्रिया सुरु गरिसकेकोले आगामी दिनमा कर्जा प्रक्रिया अझै सरल र पारदर्शी बनाउन सहयोग हुने विश्वास गभर्नर डा. नेपालले व्यक्त गर्नुभयो । बैंक तथा वित्तीय संस्था र उद्योगी व्यवसायी बीचको सम्बन्ध राम्रो भयो भने मात्र मुलुक उँभो लाग्ने धारण राख्दै उहाँले लगानीकर्ता तथा ऋणी पनि अनुशासित हुनु पर्ने र परियोजना राम्रो हुनु पर्ने कुरा बताउनु भयो ।

व्यवसाय गर्ने व्यक्ति असल, मिलानसार र शिक्षित भयो भने मात्र व्यवसाय राम्रो हुने कुरा गभर्नर डा. नेपालले राख्नुभयो । उहाँले पुराना ऋणीको ब्याजदर बढाएको विषयमा नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थालाई आवश्यक सुझाव दिइसकेको जानकारी दिनुभयो । मुलुकभित्र उत्पादनशील क्षेत्रमा लगानी वृद्धि गर्न निजी क्षेत्रलाई प्रोत्साहन गर्नुपर्ने तथा नेपालमा आयात भएका खाद्यान्न मुलुकभित्र सजिलै उत्पादन गर्न सकिने भए तापनि देश त्यस्ता क्रियाकलापमा अगाडि बढ्न नसकेकोमा गभर्नर डा. नेपालले चिन्ता व्यक्त गर्नुभयो ।

१ पेजको बाँकी

## गभर्नर डा. नेपालद्वारा ...

सकिने भए तापनि त्यस्ता क्रियाकलापमा अगाडि बढ्न नसकेकोमा गभर्नर डा. नेपालले चिन्ता व्यक्त गर्नुभयो ।

देशमा लगानीको प्रशस्त सम्भावना रहेकोले निजी क्षेत्रले यसको फाइदा लिन आग्रह गर्नुहुदै गभर्नर डा. नेपालले दुई दशकभन्दा अघिदेखि राज्यले निजी क्षेत्रलाई प्रोत्साहित गर्ने नीति लिएपनि निजी क्षेत्रले त्यसको भरपुर उपयोग गर्न नसकेको र निजी क्षेत्र उद्योग धन्दाको विकासमाभन्दा व्यापार व्यवसायमा बढी केन्द्रित भएको मात्र लागेको बताउनुभयो ।

नेपाल राष्ट्र बैंक समाचारको २०७३ फागुन र यस अंकमा वैदेशिक तालिममा सहभागिता विषयक समाचार समेट्न नसकिएकोमा क्षमायाचना गर्दै सो सम्बन्धी सामग्री आगामी अंकमा समावेश गरिने व्यहोरा अनुरोध गर्दछौं । - सम्पादक

# गभर्नर डा. नेपालद्वारा एकीकृत कारोबारको शुभारम्भ

गभर्नर डा. चिरंजीबि नेपालले माघ २८ गते काठमाडौंमा सन्राइज बैंक लिमिटेड र एनआइडिसी क्यापिटल मार्केट्स लिमिटेड एकापसमा गाभिए पछिको एकीकृत कारोबारको शुभारम्भ एक समारोह बीच गर्नुभयो ।

उद्घाटन समारोहलाई सम्बोधन गर्दै गभर्नर डा. नेपालले देशको अर्थतन्त्र सुधारोन्मुख रहेको, शोधनान्तर बचत सन्तोषजनक रहेको र आर्थिक वृद्धि लक्ष्य अनुरूप नै हुने देखिएको बताउनु भयो । वित्तीय क्षेत्रमा भने केही घर्षण देखिएको उहाँले उल्लेख गर्नु भयो ।




गभर्नर डा. नेपालले बैंक तथा वित्तीय संस्थाहरूलाई नाफामुखी मात्र नहुन सो समारोहमा सल्लाह दिनु भयो । नेपाल राष्ट्र बैंकले मुलुकको आर्थिक क्षेत्रको गतिविधिलाई नजिकबाट नियालिरहेको हुन्छ र सोही आधारमा नीति नियमहरू बनाउने गरेको जानकारी दिँदै उहाँले सर्वसाधारणको निक्षेपको समुचित उपयोग गर्न बैकर्सहरूसँग आग्रह गर्नु भयो ।

# गभर्नर डा. नेपालद्वारा वित्तीय जागरण : राष्ट्रिय अभियान कार्यक्रमलाई सम्बोधन

गभर्नर डा. चिरंजीबि नेपालले कैलाली जिल्लाको अत्तरियास्थित दुर्गालक्ष्मी उच्च मा. वि. मा फागुन १४ गते मिडिया इन्टरनेशनलद्वारा आयोजित एक समारोहमा वित्तीय जागरण : राष्ट्रिय अभियान कार्यक्रमलाई सम्बोधन गर्नुभयो ।




सो कार्यक्रममा प्रमुख अतिथिका रुपमा मन्तव्य दिनुहुँदै गभर्नर डा. नेपालले उद्यम तथा व्यवसायका लागि नेपालमा प्रशस्त अवसरहरु रहेको बताउनु भयो । उहाँले त्यस्ता अवसरहरुको समुचित उपयोग गर्न सकिएमा नेपाल आर्थिक समृद्धिको बाटोमा लम्कने र युवाहरु रोजगारीका लागि विदेशमा जानुपर्ने बाध्यताको पनि अन्त्य हुने धारणा राख्नुभयो ।

गभर्नर डा. नेपालले उद्यमशील बनेर देशको आर्थिक विकासमा आफ्नो महत्त्वपूर्ण भूमिका प्रदान गर्न उपस्थित सबैसँग अनुरोध गर्नुभयो । आफ्नो मुलुकमा सजिलै उत्पादन गरी उपभोग गर्न सकिने फलफूल, तरकारी तथा अन्य खाद्य वस्तुहरु छिमेकी मुलुकबाट आयात गर्नुपर्ने बाध्यकारी अवस्थालाई निरुत्साही गरी उत्पादनशील क्षेत्रमा लाग्न पनि उहाँले आग्रह गर्नुभयो ।

आर्थिक उपार्जनका लागि वित्तीय अनुशासन अति नै आवश्यक रहेको उल्लेख गर्नु हुँदै गभर्नर डा. नेपालले देशको आर्थिक विकासमा बैंकहरुको भूमिका महत्त्वपूर्ण रहने उल्लेख गर्नुभयो । उद्योग तथा व्यवसायका लागि आवश्यक पुँजीका निमित्त बैंक तथा वित्तीय संस्थाहरुको सहयोग लिन सर्वसाधारणसँग आग्रह गर्दै उहाँले त्यस्तो ऋण वास्तवमा ऋण नभई समृद्धिको साधन बन्न सक्ने धारणा राख्नुभयो ।

पैसाको महत्त्व बुझ्ने र त्यसको सदुपयोग गर्न जान्ने हो भने सम्पूर्ण नेपालीको जीवनस्तरमा सकारात्मक सुधार हुने विश्वास गभर्नर डा. नेपालले व्यक्त गर्नुभयो । पैसा सम्बन्धी ज्ञान बच्चादेखि नै घर घरमै सिकाउनु पर्ने र विद्यालयको प्राथमिक तहदेखि नै वित्तीय साक्षरता सम्बन्धी ज्ञान हासिल गर्नु आवश्यक रहेको औंल्याउँदै उहाँले बैंकिङ पहुँचको विस्तारमा पनि जोड दिनुभयो ।

कार्यक्रममा धनगढी कार्यालयका निर्देशक विश्रुत थापा र नेपालगञ्ज कार्यालयका निर्देशक गुरुप्रसाद पौडेल लगायत विभिन्न बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिहरुले सो कार्यक्रममा मन्तव्य राख्नु भएको थियो ।

# लेखापरीक्षण समितिको वार्षिक प्रतिवेदन सम्बन्धी गोष्ठी

नेपाल राष्ट्र बैंकको लेखापरीक्षण समितिले फागुन २० गते काठमाडौंमा सो समितिको आर्थिक वर्ष २०७२/७३ को वार्षिक प्रतिवेदनमा उल्लिखित कैफियतहरुका सम्बन्धमा उच्च व्यवस्थापन र विभागीय, कार्यालय तथा महाशाखा प्रमुखहरु बीच समीक्षा गोष्ठीको आयोजना गर्‍यो ।




डेपुटी गभर्नर चिन्तामणि शिवाकोटी प्रमुख अतिथि रहनु भएको उक्त गोष्ठीमा लेखापरीक्षण समितिको तर्फबाट समितिका सदस्य सचिव तथा आन्तरिक लेखापरीक्षण विभागका का. मु. कार्यकारी निर्देशक वासुदेव अधिकारीले समितिको प्रतिवेदनमा उल्लिखित कैफियतहरुका सम्बन्धमा प्रस्तुति दिनुभयो ।

प्रतिवेदनमा समयमा राफसाफ नभएका खाताहरु विशेष प्राथमिकताका साथ हेरिनु पर्ने, बैंकका ढुकुटीहरु, नोट कोष र जलान प्रक्रियाको समयसापेक्ष व्यवस्थापन गरिनु पर्ने, वार्षिक कार्ययोजना अनुसार बजेट खर्च गर्ने र specification बमोजिम खरिद गर्ने कुरामा अझ सजग हुनुपर्ने लगायतका कुराहरु आएको जानकारी का. मु. कार्यकारी निर्देशक अधिकारीले प्रस्तुतिको क्रममा दिनुभयो ।

प्रमुख अतिथि डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले प्रतिवेदनमा उल्लिखित कैफियतहरु आगामी दिनहरुमा फेरि आउन नदिन र हाल देखिएका कैफियतहरु सुधार गरेर बैंकको काम कारवाहीलाई अझ व्यवस्थित र पारदर्शी बनाउन सबैजना लाग्नुपर्ने तथ्यमा जोड दिनुभयो ।

लेखापरीक्षण समितिका संयोजक एवम् बैंकका सञ्चालक डा. रामहरि अर्याल, लेखापरीक्षण समितिका नवनियुक्त सदस्य केशवप्रसाद भट्टराई र डेपुटी गभर्नर शिवराज श्रेष्ठले पनि आफ्ना विचारहरु राख्ने क्रममा लेखापरीक्षण प्रतिवेदनले देखाएका कैफियतहरुमा क्रमशः सुधारका लागि सबै विभाग, कार्यालय तथा महाशाखाहरुले महत्त्वपूर्ण भूमिका खेल्नुपर्ने कुरामा जोड दिनुभयो ।

उक्त कार्यक्रममा विभिन्न विभागका कार्यकारी निर्देशक र निर्देशकहरुले पनि प्रतिवेदनले औंल्याएका कैफियतहरुमा आआफ्नो धारण व्यक्त गर्नुभएको थियो ।

# गभर्नर डा. नेपालद्वारा पाल्पा महोत्सव २०७३ को समुद्घाटन

गभर्नर डा. चिरंजीबि नेपालले फागुन १२ गते पाल्पा उद्योग वाणिज्य संघद्वारा आयोजित पाल्पा महोत्सव-२०७३ को समुद्घाटन गर्नुभयो ।



उक्त कार्यक्रमलाई सम्बोधन गर्नुहुदै गभर्नर डा. नेपालले आर्थिक क्षेत्रलाई चलायमान गराउने आर्थिक क्षेत्रको संवाहक निजी क्षेत्र भएकोले मुलुकमा रोजगारी सिर्जना गर्नुको साथै औद्योगिक विकासको माध्यमबाट सबल, गतिशील एवम् उत्पादनमुखी अर्थतन्त्र निर्माणमा उद्योग वाणिज्य संघको भूमिका महत्त्वपूर्ण हुने विचार व्यक्त गर्नुभयो । नेपालको आर्थिक क्षेत्रलाई समृद्ध बनाउन आन्तरिक उत्पादनमा जोड दिन अति आवश्यक भएको बताउनु हुँदै गभर्नर डा. नेपालले तुलनात्मक लाभ भएका उच्च गुणस्तरीय वस्तुहरु उत्पादन र निर्यात गरी व्यापार घाटा कम गर्नेतर्फ लाग्नुपर्ने बताउनु भयो ।

नेपालको कुल गार्हस्थ्य उत्पादनको झण्डै एक तिहाइ हिस्सा कृषि क्षेत्रको रहेको, करिब दुई तिहाइ जनसंख्या कृषि पेशामा संलग्न रहेको हाम्रो देशमा विदेशबाट ठूलो परिमाणमा खाद्यान्न लगायत फलफूल तथा तरकारी लगायतका कृषिजन्य वस्तुहरुको आयात हुनु अत्यन्त दुःखलाग्दो स्थिति रहेको बताउनु भयो । नेपालको अहिलेको कुल जनसंख्यामा युवाहरुको हिस्सा उल्लेख्य रहेको चर्चा गर्नुहुँदै गभर्नर डा. नेपालले आर्थिक क्रियाकलाप विस्तारका लागि यस्तो श्रमशक्तिलाई उपयोग गर्दै आर्थिक विकास गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

विगतका वर्षहरुमा अर्थतन्त्र शिथिल रहेकोले वित्तीय क्षेत्रमा अधिक तरलता रहेकोमा चालू आर्थिक वर्षदेखि आर्थिक गतिविधि विस्तार भई अर्थतन्त्रले गति लिएको हालको अवस्थामा बैंक तथा वित्तीय संस्थाहरुले निक्षेप परिचालन र कर्जा लगानी बीच सन्तुलन मिलाउन नसकेको कारण तरलतामा केही चाप परेको भए तापनि मौद्रिक नीतिको अर्धवार्षिक समीक्षा मार्फत त्यसलाई सम्बोधन गरिएको पनि गभर्नर डा. नेपालले बताउनु भयो ।

## MAN को कार्यक्रम उद्घाटन

गभर्नर डा. नेपालले माघ २८ गते Management Association of Nepal को National Management Convention and 36th Annual General Meeting को उद्घाटन गर्नु भयो ।



सो उद्घाटन कार्यक्रममा गभर्नर डा. नेपालले साधन र स्रोतको उचित व्यवस्थापन गर्न सक्ने देश समृद्ध बन्ने उल्लेख गर्दै नेपालको Resource Management मा थप सुधारको आवश्यकता दर्शाउनु भयो । पूर्व गभर्नरहरू, बैंकर्स, उद्योग व्यवसायी आदिको सहभागिता रहेको उद्घाटन कार्यक्रमपछि सम्पन्न भएको 36th Annual General Meeting बाट गभर्नरको कार्यालयका निर्देशक राजेन्द्र पण्डित आगामी कार्यकालका लागि प्रथम उपाध्यक्ष पदमा चयन हुनुभयो ।

## सरुवा/कामकाज

पोखरा कार्यालयका निर्देशक चिरञ्जीवी चापागाईंको भुक्तानी प्रणाली विभागमा सरुवा भएको छ । उहाँ पुस २७ देखि बिमा समितिको अध्यक्षमा कार्यरत हुनुहुन्छ । सामान्य सेवा विभागका निर्देशक पोमनाथ गौतमको पोखरा कार्यालयमा सरुवा भएको छ । विकास बैंक सुपरिवेक्षण विभागका उपनिर्देशक कृष्णमुरारी घिमिरेको सामान्य सेवा विभागमा सरुवा भएको छ । लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका उपनिर्देशक बृहस्पति अधिकारीको पोखरा कार्यालयमा सरुवा (कामकाज) भएको छ ।

बैंक तथा वित्तीय संस्था नियमन विभागका प्रधान सहायक सिर्जना ठडराईको सामान्य सेवा विभागमा सरुवा भएको छ । बैंकिङ कार्यालयका प्रधान सहायक युवराज दाहालको वित्तीय जानकारी एकाइमा सरुवा (कामकाज) भएको छ । वीरगञ्ज कार्यालयका सहायक नरेन्द्र पाण्डे तथा नेपालगञ्ज कार्यालयका सहायक होमबहादुर काउचाको बैंकिङ कार्यालयमा र धनगढी कार्यालयका सहायक हरिप्रसाद अर्यालको बैंक तथा वित्तीय संस्था नियमन विभागमा सरुवा (कामकाज) भएको छ ।

# वित्तीय क्षेत्रका नियामक निकायहरू बीच अनुशिक्षण

बैंक तथा वित्तीय संस्था नियमन विभागले फागुन १७ गते काठमाडौंमा वित्तीय क्षेत्रका नियमनकारी निकायहरु बीच समन्वय र सहकार्य अभिवृद्धि गर्ने उद्देश्यले अनुशिक्षण कार्यक्रमको आयोजना गर्‍यो ।

नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड, बीमा समिति, कम्पनी रजिष्ट्रारको कार्यालय, सहकारी विभाग र नेपाल चार्टर्ड एकाउण्टेण्ट्स संस्थाका कुल ४० पदाधिकारीहरुको सहभागिता रहेको उक्त कार्यक्रमको शुरुमा गभर्नर डा. चिरंजीबि नेपालले मुलुकको समग्र वित्तीय क्षेत्रको दीगो स्थायित्वको लागि यस प्रकारको अनुशिक्षण कार्यक्रम अत्यन्त प्रभावकारी हुने हुँदा यसलाई आगामी दिनहरुमा समेत निरन्तरता दिनु पर्ने विचार व्यक्त गर्नुभयो ।

कार्यक्रममा सहभागीहरुवाट उठाइएका विभिन्न जिज्ञासाका सम्बन्धमा बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक नारायणप्रसाद पौडेलले स्पष्ट पार्नुभयो । निर्देशक रमण नेपालले कार्यक्रमको औचित्यता माथि प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभयो ।




कार्यक्रममा नेपाल धितोपत्र वोर्डका अध्यक्ष डा. रेवतवहादुर कार्कीले नेपाल राष्ट्र बैंकद्वारा यस प्रकारको अनुशिक्षण कार्यक्रमको आयोजना गरिनु अत्यन्त सराहनीय रहेको र यसलाई निरन्तरता दिनुपर्ने विचार व्यक्त गर्नु भएको थियो । उहाँले नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशनमा अन्य सबै नियामक निकायहरुको नियमन व्यवस्था समेत समावेश गर्न सकिएमा थप प्रभावकारी हुने विचार व्यक्त गर्नु भएको थियो ।

उक्त अनुशिक्षण कार्यक्रममा नियमन सम्बन्धी विषयका सम्बन्धमा नेपाल राष्ट्र बैंकका तर्फवाट निर्देशक हरिशरण के.सी., नेपाल धितोपत्र वोर्डका तर्फवाट कार्यकारी निर्देशक निरज गिरी, बीमा समितिका तर्फवाट उपनिर्देशक राजकुमार अर्याल, कम्पनी रजिष्ट्रारको कार्यालयका तर्फवाट उपरजिष्ट्रार सन्तोषकुमार दाहाल, सहकारी विभागका तर्फवाट शाखा अधिकृत हरि पौडेल र नेपाल चार्टर्ड एकाउण्टेण्ट्स संस्थाका तर्फवाट सहनिर्देशक विनोद न्यौपानेले आ-आफ्नो निकायको प्रतिनिधित्व गर्दै संक्षिप्त प्रस्तुति दिनु भएको थियो ।

कार्यक्रमको संचालन बैंक तथा वित्तीय संस्था नियमन विभागका उपनिर्देशक केशवप्रसाद तिमिल्सिनाले गर्नु भएको थियो ।

## Payment Systems Advisor बाट कार्यारम्भ



भुक्तानी प्रणाली विभागको कार्यमा सहयोग पुर्‍याउन The Bank of Korea बाट Payment Systems Advisor को रुपमा आउनु भएका Mr. KyungJin Jeon ले फागुन २५ गतेबाट कार्यभार सम्हाल्नु भएको छ ।

नेपाल राष्ट्र बैंकका गभर्नर डा. चिरंजीबि नेपाल र बैंक अफ कोरियाका गभर्नर Mr. Juyeol Lee बीच दुई केन्द्रीय बैंकहरुले परस्परमा प्राविधिक सहायता उपलब्ध गराउने विषयमा भएको द्विपक्षीय वार्ताको परिणामस्वरुप Mr. KyungJin Jeon नेपाल राष्ट्र बैंकमा आउनु भएको हो । उहाँको कार्यावधि अधिकतम तीन वर्षको हुने जनाइएको छ ।

## नेपालको भुक्तानी प्रणाली विषयक अनुशिक्षण कार्यक्रम सम्पन्न

"नेपालको भुक्तानी प्रणाली" विषयक अनुशिक्षण कार्यक्रम फागुन १२ गते थापाथलीस्थित बैंकर्स प्रशिक्षण केन्द्रको हलमा सम्पन्न भयो ।

उक्त कार्यक्रममा विभागले सम्पादन गरेका कार्य तथा आगामी कार्यदिशाको सम्बन्धमा का. मु. कार्यकारी निर्देशक डा. नेफिल मातङ्गि मास्केले वार्ता प्रस्तुत गर्नुभयो । निर्देशक रामबहादुर मानन्धरले भुक्तानी प्रणालीलाई नियमित, व्यवस्थित र प्रभावकारी बनाउँदै लैजाने क्रममा सबैको योगदान महत्त्वपूर्ण हुने कुरा औंल्याउनु भयो ।

कार्यक्रममा उपनिर्देशक केदारप्रसाद आचार्यले कार्यक्रमको उपादेयता माथि प्रकाश पार्नुभएको थियो । उपनिर्देशक सत्येन्द्र तिमिल्सिनाले नेपालको भुक्तानी प्रणाली, उपकरण तथा ओभरसाइटका सम्बन्धमा र उपनिर्देशक कृष्णप्रसाद शर्माले भुक्तानी तथा फछ्र्यौट सम्बन्धमा भएका कानुनी तथा नीतिगत व्यवस्था विषयमा भिन्नभिन्न सत्रका लागि वार्ता प्रस्तुत गर्नुभएको थियो । सहभागीहरुको तर्फबाट धनगढी कार्यालयका उपनिर्देशक दीर्घबहादुर रावलले नेपालको भुक्तानी प्रणालीको बारेमा चर्चा गर्दै कार्यक्रम अत्यन्त प्रभावकारी र ज्ञानवर्द्धक भएको उल्लेख गर्नुभएको थियो । सो कार्यक्रममा बैंकका भुक्तानी प्रणालीसँग सम्बन्धित विभिन्न विभागहरु र उपत्यका बाहिरका कार्यालयका अधिकृतस्तरका २४ जना कर्मचारीहरुको सहभागिता रहेको थियो ।



# डेपुटी गभर्नर शिबराज श्रेष्ठ FATF को Plenary तथा बैठकमा सहभागी

डेपुटी गभर्नर शिबराज श्रेष्ठ Financial Action Task Force (FATF) को सन् २०१७ फेब्रुअरी १८ देखि २४ सम्म फ्रान्सको राजधानी पेरिसमा सम्पन्न Plenary मा सहभागी भई २०१७ फेब्रुअरी २६ मा नेपाल फर्कनु भयो। नेपाली प्रतिनिधि मण्डलको नेतृत्व गर्दै जानु भएका डेपुटी गभर्नर श्रेष्ठले Plenary लगायत FATF अन्तर्गतका Policy & Development Group, Evaluation & Compliance Group, International Cooperation Review Group, Risk, Trends & Methods Groups का विविध बैठकमा सहभागी हुनुभयो।



फ्रान्सको Economy and Finance Minister Mr. Michel Sapin ले सम्बोधन गर्नु भएको उक्त Plenary ले Sweden को Mutual Evaluation Report उपर बृहत् छलफल गरी पारित गरेको, Brazil/South Africa को प्रगति प्रतिवेदन उपर छलफल गरेको, उच्च जोखिम देखिएका २ देशलाई Public Statement/Black List मा राखेको, १० मुलुकलाई Monitoring मा राखेको र एक मुलुकलाई अनुगमनबाट बाहिर लाने प्रस्ताव स्वीकार नगरी पुनः Observation मा राख्ने निर्णय गरेको थियो।

सो अवसरमा डेपुटी गभर्नर श्रेष्ठ र विभिन्न मुलुक तथा अन्तर्राष्ट्रिय संस्थाबीच समेत छुट्टाछुट्टै भेटघाट भयो। Asia Pacific Group on Money Laundering (APG) का कार्यकारी सचिव Dr. Gordon Hook सँग भएको भेटघाटमा डेपुटी गभर्नर श्रेष्ठले नेपाललाई APG ले विगतमा गरेको सहयोग सराहनीय रहेको र आगामी दिनमा पनि त्यस्तो सहयोग कायम रहने विश्वास व्यक्त गर्नुभयो। उहाँले नेपालमा हाल भइरहेको स्वमूल्यांकन लगायत नियमन, निरीक्षण, सुपरिवेक्षण र अनुसन्धान क्षेत्रमा भएका प्रगतिका बारेमा प्रकाश पार्दै यस प्रणालीबाट नेपालले कसरी अधिक फाइदा लिन सक्छ र आगामी मूल्यांकनमा नेपालको अवस्था कसरी थप मजबुत हुनसक्छ भन्ने कुरालाई जोड दिएको बताउनु भयो। कार्यकारी सचिव Dr. Hook ले नेपाललाई सक्दो सहयोग गर्न APG हरसम्भव तत्पर रहेको बताउँदै Asia Pacific क्षेत्रमा हाल देखिएको अवस्था र प्रभावकारितामा आधारित आगामी मूल्यांकनमा सबै मुलुकको उल्लेख्य प्रगति हुन जरुरी रहेकोमा नेपाल स्वमूल्यांकन जस्ता कार्यमा अघि बढेकोमा प्रशंसा गर्नुभयो। सो सन्दर्भमा डेपुटी गभर्नर श्रेष्ठले नेपालले यस प्रणालीलाई सुशासनको अभिन्न अङ्गको रुपमा अगाडि बढाएको बताउनु भयो।

त्यस्तै, डेपुटी गभर्नर श्रेष्ठ र FATF, International Cooperation Review Group का Mr. Kevin Vandergrift तथा Ms. Lia Umans सँग भएको छुट्टै भेटघाटमा सम्पत्ति शुद्धीकरण निवारणमा विश्वमा हुँदै गएको प्रगति, चुनौती र भावी कार्यदिशाका बारेमा छलफल भयो। यस सिलसिलामा वर्तमान अवस्था र FATF/ICRG ले गरिरहेको Compliance Monitoring, ICRG Process र Public Statement/Black List आधार सम्बन्धमा छलफल भयो। डेपुटी गभर्नर श्रेष्ठ र World Bank का Senior Financial Sector Specialist Mr. Kuntay Celik सँग भएको भेटघाटमा स्वमूल्यांकन पश्चात् गर्न लागिएको National Strategy र Risk Assessment and Implementation Framework Development मा नेपाललाई विगतमा जस्तै सहयोग गर्न अनुरोध गर्नु भएकोमा World Bank ले सो कार्यमा आफू सहयोग गर्न तत्पर रहेको बताउनु भयो।

नेपाली प्रतिनिधि मण्डलमा अर्थ मन्त्रालयका सहसचिवद्वय आनन्दराज ढकाल र उदयराज सापकोटा, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका उपप्रमुख सहसचिव गजेन्द्रकुमार ठाकुर, अर्थ मन्त्रालयका उपसचिव रमेश अर्याल र नेपाल राष्ट्र बैंक वित्तीय जानकारी एकाइका उपनिर्देशक हरिकुमार नेपाल समेतको सहभागिता रहेको थियो।

## ज्ञान आदानप्रदान कार्यक्रम

गभर्नरको कार्यालयले आर्थिक वर्ष २०७३।७४ को प्रत्येक महिनामा एउटाका दरले वर्षभरिमा जम्मा १२ वटा ज्ञान आदानप्रदान कार्यक्रमको आयोजना गर्ने योजना अनुरुप फागुन २६ गते आठौं कार्यक्रमको आयोजना गर्‍यो। उक्त कार्यक्रममा संस्थागत योजना विभागका उपनिर्देशक आर्या जोशीले Leadership in 21st Century विषयमा प्रस्तुति दिनुभयो। उक्त ज्ञान आदानप्रदान कार्यक्रममा नेपाल राष्ट्र बैंकका सबै विभागका प्रतिनिधिहरुको सहभागिता रहेको थियो।

# दक्षिण एशिया क्षेत्रीय तालिम तथा प्राविधिक सहयोग केन्द्रको उद्घाटन

फेब्रुअरी १३, २०१७ मा भारतको नयाँ दिल्लीमा आईएमएफको दक्षिण एशिया क्षेत्रीय तालिम तथा प्राविधिक सहयोग केन्द्र (The South Asia Regional Training & Technical Assistance Center -SARTTAC) को भारतका वित्त सचिव शक्तिकान्त दास तथा नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर शिवराज श्रेष्ठले संयुक्त रूपमा उद्घाटन गर्नुभयो ।




डेपुटी गभर्नर श्रेष्ठ उक्त केन्द्रको नेपालको तर्फबाट Steering Committee को सदस्य हुनुहुन्छ । भारत सरकार र आईएमएफको सक्रियतामा उक्त केन्द्र स्थापना भएको हो । उक्त केन्द्रको सदस्य राष्ट्रहरुमा भारत, नेपाल, बंगलादेश, भुटान, मालदिभ्स र श्रीलंका रहेका छन् । उक्त केन्द्रलाई नेपालले २ मिलियन अमेरिकी डलर वित्तीय सहयोग गर्ने प्रतिबद्धता जाहेर गरेको छ । अष्ट्रेलिया, युरोपियन युनियन, दक्षिण कोरिया र संयुक्त अधिराज्यले पनि उक्त केन्द्रको संचालनको लागि वित्तीय सहयोग गरेका छन् । उक्त केन्द्रले ६ वटा सदस्य राष्ट्रहरुका आवश्यकता अनुसार तालिम कार्यक्रमहरु संचालन गर्ने भएको छ । तालिमसँगै एकीकृत ढंगबाट प्राविधिक सहयोग पुऱ्याउने कार्यक्रम पनि उक्त केन्द्रको रहेको छ । सबै सदस्य राष्ट्रहरुको तालिम तथा प्राविधिक सहयोगको आवश्यकता संकलन र पहिचान गरी उक्त केन्द्रले प्राथमिकताका आधारमा मार्च २०१७ देखि तालिम कार्यक्रमहरु संचालन गर्दैछ ।

उद्घाटन भएकै दिन बसेको Steering Committee को पहिलो बैठकमा नेपालको तर्फबाट डेपुटी गभर्नर शिवराज श्रेष्ठले बोल्नु भएको थियो । अहिलेसम्म आईएमएफले नेपाललाई दिँदै आएको तालिम र प्राविधिक सहयोगको लागि धन्यबाद दिदै डेपुटी गभर्नर श्रेष्ठले नेपालदेखि नजिकै रहेको नयाँ दिल्लीमा तालिम तथा प्राविधिक सहयोग केन्द्रको स्थापनाले नेपाल सहित दक्षिण एशियाली क्षेत्रको क्षमता विकासमा सहयोग पुग्ने धारणा व्यक्त गर्नुभयो । साथै, उहाँले उक्त केन्द्रको सहज सञ्चालनको लागि नेपालले सहयोग पुऱ्याउने प्रतिबद्धता व्यक्त गर्नुभयो । भारत सरकारका वित्त सचिव शक्तिकान्त दास, आईएमएफको डेपुटी म्यानिजिङ डाइरेक्टर Carla Grasso लगायत आइएमएफका विभिन्न विभागका निर्देशक र अन्य अधिकृतहरुले पनि उक्त बैठकमा बोलेका थिए । सदस्य राष्ट्रहरुका आवश्यकता अनुरुप स्रोतको अधिकतम परिचालन गरी दक्षता अभिवृद्धि गर्ने सम्बन्धमा उक्त बैठकमा छलफल गरी कार्यक्रमहरु तय भएका थिए । बैठकमा उक्त केन्द्रको Steering Committee मा नेपालको तर्फबाट बैकल्पिक सदस्यको रुपमा रहनु भएका अर्थ मन्त्रालयका सहसचिव आनन्दराज ढकाल पनि सहभागी हुनु भएको थियो । डेपुटी गभर्नर श्रेष्ठको साथ गभर्नरको कार्यालयका निर्देशक डा. प्रकाशकुमार श्रेष्ठ पनि सहभागी हुनुभएको थियो ।

## बढुवा

सूचना प्रविधि विभागका कायम मुकायम निर्देशक शिवराम दवाडी प्राविधिक सेवातर्फको निर्देशक (अधिकृत प्रथम) पदमा बढुवा हुनु भएको छ ।

विकास बैंक सुपरिवेक्षण विभागका हरिप्रसाद रेग्मी, भुवनेश्वर भट्टराई र हीरादेवी विष्ट तथा बैंक सुपरिवेक्षण विभागका बिमुल मानन्धर, मिलन राई र इमेश पौडेल, जनशक्ति व्यवस्थापन विभागका सुधा श्रेष्ठ, भुक्तानी प्रणाली विभागका प्रकाश राई र वित्त कम्पनी सुपरिवेक्षण विभागका हेमनाथ त्रिपाठी सहायक निर्देशकबाट उपनिर्देशक (अधिकृत द्वितीय) पदमा बढुवा हुनु भएको छ ।

त्यसैगरी, आन्तरिक लेखापरीक्षण विभागका सहायक निर्देशकहरु राजन अधिकारी र राजेन्द्रप्रसाद रिमाल तथा वित्त व्यवस्थापन विभागका मोहनप्रसाद भट्टराई, गभर्नरको कार्यालयका सुरेश पन्त, सिद्धार्थनगर कार्यालयका जीवनप्रकाश पाण्डे र लघुवित्त प्रबर्द्धन तथा सुपरिवेक्षण विभागका ध्रुवराज आचार्य पनि प्रशासन सेवातर्फको सहायक निर्देशक पदबाट उपनिर्देशक (अधिकृत द्वितीय) पदमा बढुवा हुनु भएको छ ।

बढुवा हुनु भएका सबैजनालाई समाचारको तर्फबाट हार्दिक बधाई छ ।

## पदस्थापन

प्रधान सहायकहरु मुद्रा व्यवस्थापन विभागका तिलकबहादुर थिङ, वित्त व्यवस्थापन विभागका चुडामणि पोखरेल, जनशक्ति व्यवस्थापन विभागका रविचन्द्र पौडेल, सिद्धार्थनगर कार्यालयका निर्मला दाहाल, बैंकिङ कार्यालयका हरिप्रसाद पौड्याल र धनगढी कार्यालयका डम्बरदत्त भट्टको कार्यरत रहेकै विभाग/कार्यालयमा पदस्थापन भएको छ ।

सहायकहरु राष्ट्र ऋण व्यवस्थापन विभागका राजु तिमिल्सिना र सिद्धार्थनगर कार्यालयका गोविन्दप्रसाद शर्माको कार्यरत रहेकै विभाग/कार्यालयमा तथा सामान्य सेवा विभागका सूर्यबहादुर बोगटीको बैंकिङ कार्यालयमा पदस्थापन भएको छ ।

## अवकाश

नेपालगञ्ज कार्यालयका सहायक निर्देशक पुरुषोत्तमकुमार भट्टले बैंक सेवाबाट अवकाश पाउनु भएको छ । उहाँले ५८ वर्षको उमेर हदका कारण बैंक सेवाबाट अवकाश पाउनु भएको हो ।

मुद्रा व्यवस्थापन विभागका प्रधान सहायक रामकृष्ण सेंढाई र जनकपुर कार्यालयका कार्यालय सहयोगी प्रथम चन्दरदेवी मेहत्तरले पनि बैंक सेवाबाट अवकाश पाउनु भएको छ । उहाँहरु दुवैजनाले बैंक सेवामा ३० वर्षको अवधि पूरा गर्नुभएका कारण अवकाश पाउनु भएको हो

# आर्थिक वर्ष २०७३/७४ को मौद्रिक नीतिको अर्द्ध–वार्षिक समीक्षा

**(सारांश)**

## पृष्ठभूमि

१. न्यून आर्थिक वृद्धि, मुद्रास्फीतिको उच्च दबाव तथा शेयर बजार एवम् घरजग्गा कारोबारमा आएको उल्लेख्य विस्तारको पृष्ठभूमिमा आर्थिक वर्ष २०७३/७४ को मौद्रिक नीति २०७३ असार ३० गते सार्वजनिक गरिएको थियो ।

२. नेपाल सरकारको बजेट वक्तव्यमा उल्लिखित आर्थिक वृद्धिदर र मुद्रास्फीतिको लक्ष्य हासिल गर्न सावधानीपूर्वक मौद्रिक लक्ष्यहरु तय गर्दै तरलता व्यवस्थापन प्रभावकारी बनाउनु पर्ने अवस्था रहेको थियो । ब्याजदरमा देखिने उतारचढावलाई नियन्त्रणमा राख्ने उपायको रुपमा ब्याजदर करिडोर प्रणाली प्रारम्भ गरियो ।

३. चालु आर्थिक वर्षको मौद्रिक नीतिमा व्यवस्था भए बमोजिम पहिलो पटक मौद्रिक नीतिको त्रैमासिक समीक्षा २०७३ साल पुस ८ गते सार्वजनिक गरिएको थियो ।

४. यसैबीच, आर्थिक गतिविधिले गति समातेको अवस्थामा बैंक तथा वित्तीय संस्थाहरुको वित्तीय साधन परिचालन र उपयोग बीच असन्तुलन आई वित्तीय घर्षणको स्थिति देखा परेको छ । यस प्रकारको वित्तीय असन्तुलनको समायोजन सावधानीपूर्वक होस् भनेर वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनी संघका पदाधिकारीहरुलाई भेला गराई यस बैंकले २०७३ माघ २६ गते केही वर्ष यता पहिलो पटक नैतिक दवाव (moral susasion) जस्तो मौद्रिक उपाय प्रयोगमा ल्याएको छ ।

## आर्थिक लक्ष्यहरुको स्थिति

५. बजेट वक्तव्यमा उल्लिखित ६.५ प्रतिशतको आर्थिक वृद्धिदरको लक्ष्य प्राप्त गर्न सहज हुने गरी आवश्यक तरलता व्यवस्थापन गर्ने उद्देश्य आर्थिक वर्ष २०७३/७४ को मौद्रिक नीतिले राखेको थियो । पुनर्निर्माणले गति लिने, सरकारको पूँजीगत खर्च बढ्ने र वित्तीय सन्तुलन सहित निजी क्षेत्रको लगानीमा आवश्यक विस्तार आउने मान्यताका आधारमा मौद्रिक परिदृश्य तय गरिएको थियो ।

६. चालु आर्थिक वर्षको ६ महिनासम्मका आर्थिक गतिविधि हेर्दा आर्थिक वृद्धिदर लक्ष्य अनुरुप रहने देखिएको छ । अनुकूल मौसम, विद्युत आपूर्तिमा सुधार एवम् सहज आपूर्ति समग्र आर्थिक गतिविधि विस्तारको आधार हुने देखिएका छन् ।

७. नेपाल सरकार, कृषि मन्त्रालयले धानको उत्पादन २१.७ प्रतिशतले वृद्धि हुने अनुमान गरेको छ । त्यसैगरी, उद्योग क्षेत्रका लागि स्थिति अनुकूल रहेको छ भने पर्यटकीय वातावरणमा पनि सुधार आएको छ ।

८. आर्थिक वर्ष २०७३/७४ को लागि औसत उपभोक्ता मुद्रास्फीति दर ७.५ प्रतिशतको सीमाभित्र कायम राख्ने लक्ष्य राखिएकोमा चालु आर्थिक वर्षको ६ महिनाको औसत मुद्रास्फीति दर ५.८ प्रतिशत रहेको छ ।

९. आर्थिक वर्ष २०७३/७४ को ६ महिनामा मुलुकको शोधनान्तर स्थिति रु. ४५ अर्ब २ करोडले बचतमा रहेको छ । फलस्वरुप, कुल विदेशी विनिमय सञ्चिति २०७३ असार मसान्तको रु. १०३९ अर्ब २१ करोडबाट ४.८ प्रतिशतले वृद्धि भई २०७३ पुस मसान्तमा रु. १०८८ अर्ब ८५ करोड पुगेको छ ।

१०. कम्तीमा ८ महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त हुने गरी विदेशी विनिमय सञ्चिति कायम गर्ने मौद्रिक नीतिको लक्ष्य रहेकोमा २०७३ पुस मसान्तमा यस्तो सञ्चिति करिब १२.४ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त हुने देखिन्छ ।

## अन्तरिम लक्ष्यहरुको स्थिति

११. आर्थिक वृद्धिको लक्ष्य ६.५ प्रतिशत र मुद्रास्फीतिको ७.५ प्रतिशतका आधारमा आर्थिक वर्ष २०७३/७४ मा विस्तृत मुद्राप्रदायको वार्षिक वृद्धिदर १७.० प्रतिशत हुने प्रक्षेपण गरिएको थियो । २०७३ पुस महिनामा विस्तृत मुद्राप्रदायको वार्षिक विन्दुगत वृद्धिदर १८.५ प्रतिशत रहेको छ ।

१२. कुल आन्तरिक कर्जाको वृद्धिदर आर्थिक वर्ष २०७३/७४ को लागि २५.० प्रतिशत प्रक्षेपण गरिएकोमा वार्षिक विन्दुगत आधारमा २०७३ पुसमा सोको विस्तार २४.० प्रतिशत रहेको छ ।

१३. कर्जा संरचनाको महत्वपूर्ण अंशको रुपमा रहने निजी क्षेत्रतर्फको कर्जा विस्तार आर्थिक वर्ष २०७३/७४ मा २०.० प्रतिशतले हुने प्रक्षेपण रहेकोमा वार्षिक विन्दुगत आधारमा २०७३ पुसमा ३०.९ प्रतिशत पुगेको छ ।

## उत्पादनशील क्षेत्र कर्जा

१४. समीक्षा अवधिमा रु. ४ अर्ब ९० करोडको साधारण तथा रु. ३७ करोडको निर्यात पुनरकर्जा गरी कुल रु. ५ अर्ब २७ करोडको पुनरकर्जा सुविधा उपयोग भएको छ । अघिल्लो वर्षको सोही अवधिमा रु. १ अर्ब ८६ करोडको यस्तो सुविधा उपयोग भएको थियो ।

१५. २०७३ पुस मसान्तसम्म वाणिज्य बैंकहरुले उत्पादनशील क्षेत्रमा प्रवाह गरेको कर्जा रु. २५४ अर्ब १ करोड रहेको छ । यो रकम कुल कर्जाको १५.९ प्रतिशत हुन आउँछ । यसमध्ये कृषि क्षेत्रमा कुल कर्जाको ६.४ प्रतिशत (रु. १०२ अर्ब २५ करोड) र उर्जा क्षेत्रमा २.९ प्रतिशत (रु. ४५ अर्ब ४६ करोड) रहेको छ ।

## मौद्रिक उपकरण तथा तरलता व्यवस्थापन

१६. आर्थिक वर्ष २०७३/७४ को ६ महिनासम्ममा यस बैंकले रिपो बोलकबोल मार्फत् रु. १५ अर्ब ४० करोड तरलता प्रवाह गरेको छ । साथै, समीक्षा अवधिमा वाणिज्य बैंक तथा वित्तीय संस्थाहरुले रु. १३ अर्ब ९८ करोडको स्थायी तरलता सुविधा उपयोग गरेका छन् ।

१७. पछिल्लो समयमा देखिएको वित्तीय घर्षणलाई सम्बोधन गर्न यस बैंकले २०७३ पुस २२ गते यता नेपाल सरकार र राष्ट्र बैंकका ऋणपत्रहरुमा गरिने रिपो तथा सोझै खरिद बोलकबोल जस्ता खुला बजार कारोबार मार्फत् तरलता प्रवाह गर्दै आएको छ ।

## वित्तीय क्षेत्रको कानूनी, नियामकीय तथा पूर्वाधार सम्बन्धी सुधार

१८. वित्तीय क्षेत्रसँग सम्बन्धित कानूनहरुलाई समयसापेक्ष परिमार्जन

क्रमशः ९ पेजमा

गर्ने क्रममा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दोस्रो संशोधन जारी भएको छ। साथै, बैंक तथा वित्तीय संस्था सम्बन्धी नयाँ ऐन व्यवस्थापिका संसदबाट पारित भई जारी हुने क्रममा रहेको छ। त्यसैगरी, बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४ को पहिलो संशोधन पारित भई कार्यान्वयनमा आएको छ। वित्तीय क्षेत्रमा भईरहेको कानूनी सुधारले सुशासन तथा वित्तीय फरफारक सम्बन्धी कार्य प्रभावकारी हुने एवम् यस क्षेत्रको विकासमा थप टेवा पुग्ने विश्वास गरिएको छ।

१९. वित्तीय क्षेत्रको सुदृढीकरण गर्ने उपायको रुपमा बैंक तथा वित्तीय संस्थाहरुलाई गाभ्न, गाभिन तथा प्राप्ति गर्न प्रोत्साहित गर्ने नीतिलाई निरन्तरता दिइएको छ। बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने सम्बन्धी विनियमावली जारी भएपश्चात् २०७३ पुस मसान्तसम्ममा १३० वटा बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा गाभिएर ८८ वटा संस्थाहरु खारेज भई ४२ वटा संस्था कायम रहेका छन्। त्यसैगरी, नेपाल सरकार, मन्त्रिपरिषद् बाट हालै सरकारी स्वामित्वमा रहेका दुईवटा संस्थाहरु राष्ट्रिय वाणिज्य बैंक र एनआइडिसि विकास बैंक लिमिटेड एक आपसमा गाभ्ने निर्णय भएको छ।

२०. यस बैंकले समस्याग्रस्त घोषणा गरेको १६ वटा बैंक तथा वित्तीय संस्थाहरुको रिजोलुशन कार्य अगाडि बढाएकोमा यस्ता संस्थाहरुको संख्या हाल ९ मा झरेको छ। रिजोलुशन कार्य अगाडि बढाइएका ७ वटा मध्ये अरुण फाइनान्स लिमिटेड र जनरल फाइनान्स लिमिटेड समस्याग्रस्तबाट मुक्त भई नियमित रुपमा वित्तीय कारोबार गरिरहेका छन्। हाल समस्याग्रस्त रुपमा रहेका ९ वटा मध्ये ४ वटाको शेयर स्वामित्व हस्तान्तरण प्रक्रियामा रहेको छ। शेयर स्वामित्व हस्तान्तरण पछि राष्ट्र बैंकले तोकेका मापदण्डहरु पूरा गरेका अवस्थामा यी चारवटा संस्थाहरु समस्याग्रस्तबाट मुक्त भई नियमित रुपमा कारोबार गर्न सक्नेछन्।

## विदेशी विनिमय व्यवस्थापन

२१. "सुन आयात तथा बिक्री वितरण कार्यविधि, २०६८" मा संशोधन गरी १०० ग्राम, २०० ग्राम, ५०० ग्राम तथा १ किलोग्राम परिमाणका सुन आयात गर्न सकिने व्यवस्था कार्यान्वयनमा ल्याइएको छ। त्यसैगरी, दैनिक १५ किलोग्रामसम्म सुन आयात गर्न सकिने सीमामा वृद्धि गरी २०७३ फागुन मसान्तसम्म दैनिक २५ किलोग्रामसम्म र तत्पश्चात् दैनिक २० किलोग्रामसम्म आयात गर्न सकिने व्यवस्था मिलाइएको छ।

२२. भारत बाहेक तेस्रो मुलुकहरुबाट ड्राफ्ट-टी.टी.को माध्यमबाट वस्तु आयात गर्दा एक पटकमा बढीमा अमेरिकी डलर ४० हजार बराबरसम्मको परिवर्त्य विदेशी मुद्रा भुक्तानी दिन पाइने सीमालाई वृद्धि गरी अमेरिकी डलर ५० हजार कायम गरिएको छ।

२३. भारतबाट परिवर्त्य विदेशी मुद्रा भुक्तानी हुने गरी सफ्टवेयर खरिद गर्नुपरेमा हाल एकपटकमा बढीमा अमेरिकी डलर १० हजार सीमा रहेकोमा यसलाई वृद्धि गरी अमेरिकी डलर १५ हजारसम्मको सफ्टवेयर एल.सी.मार्फत् आयात गर्न पाउने व्यवस्था गरिएको छ।

२४. परिवर्त्य विदेशी मुद्रामा खाता हुने नेपालीले आफ्नो खाताबाट वस्तु तथा सेवा खरिद गर्ने प्रयोजनका लागि वार्षिक अमेरिकी डलर १५ हजारसम्म भुक्तानी दिनसक्ने व्यवस्था गरिएको छ।

## अन्तर्राष्ट्रिय आर्थिक परिदृश्य

२५. अन्तर्राष्ट्रिय मुद्रा कोषले विश्व अर्थतन्त्र सन् २०१६ को ३.१ प्रतिशतको तुलनामा सन् २०१७ मा ३.४ प्रतिशतले विस्तार हुने प्रक्षेपण गरेको छ।

२६. चीनको अर्थतन्त्र सन् २०१६ को ६.७ प्रतिशतको तुलनामा सन् २०१७ मा ६.५ प्रतिशतले विस्तार हुने प्रक्षेपण छ। त्यसैगरी, भारतको अर्थतन्त्र सन् २०१६ को ६.६ प्रतिशतको तुलनामा सन् २०१७ मा ७.२ प्रतिशतले विस्तार हुने प्रक्षेपण छ।

२७. केही समय यता अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थ, धातु लगायतका वस्तुहरुको मूल्य बढ्ने क्रम शुरु भएको छ। अन्तर ाष्ट्रिय मुद्रा कोषले पेट्रोलियम पदार्थको मूल्य सन् २०१७ मा १९.९ प्रतिशतले बढ्ने प्रक्षेपण गरेको छ।

२८. विश्वका केन्द्रीय बैंकहरुको मौद्रिक नीतिको कार्यदिशा मिश्रित देखिएको छ। अमेरिकी फेडरल रिजर्भ कसिलो मौद्रिक नीतितर्फ उन्मुख भएको छ। त्यसैगरी, चीनले लचिलो मौद्रिक नीतिको कार्यदिशालाई निरन्तरता दिँदै आएकोछ भने भारतले लचिलोबाट तटस्थमा परिवर्तन गरेको छ।

## आर्थिक तथा मौद्रिक परिदृश्य

२९. चालु आर्थिक वर्षको ६ महिनासम्म समग्र आर्थिक गतिविधि सुधारोन्मुख देखिएको छ। मौसमी अनुकूलता र कृषि सामग्रीको सहज आपूर्तिका कारण कृषि क्षेत्रको वृद्धिदर उच्च रहने अनुमान छ। विद्युत आपूर्तिमा भएको सुधार र पर्यटक आगमनमा वृद्धिका कारण गैर-कृषि क्षेत्रको विस्तार समेत उच्च रहने अनुमान छ। यसै परिप्रेक्ष्यमा अन्तर्राष्ट्रिय मुद्राकोषको हालै सम्पन्न आर्टिकल फोर कन्सल्टेसन मिसनले जारी गरेको प्रेस विज्ञप्तिमा आर्थिक वर्ष २०७३/७४ मा नेपालको आर्थिक वृद्धिदर ५.५ प्रतिशत रहने प्रक्षेपण गरेको छ।

३०. आपूर्ति सहजता, कृषि उत्पादन वृद्धि एवम् छिमेकी मुलुकमा समेत न्यून मुद्रास्फीति रहेका कारण आर्थिक वर्ष २०७३/७४ मा मुद्रास्फीति दर लक्षित सीमा भित्र रहने अनुमान छ।

३१. समग्र शोधनान्तर बचत अघिल्लो वर्षको रु. १३९ अर्ब ७५ करोडबाट आर्थिक वर्ष २०७३/७४ को ६ महिनामा रु.४५ अर्ब २ करोड रहेको छ। पुनर्निर्माण कार्यमा हुने तीब्रता र सरकारी पूँजीगत खर्चमा हुने वृद्धिले शोधनान्तर स्थितिमा केही दवाव पर्ने सक्ने सम्भावना देखिन्छ।

३२. आर्थिक वर्ष २०७३/७४ मा विस्तृत मुद्राप्रदायको वृद्धिदर १७.९ प्रतिशत रहने देखिन्छ।

३३. आर्थिक वर्ष २०७३/७४ को मौद्रिक नीतिमा उल्लेख भए अनुसार कुल आन्तरिक कर्जाको वृद्धिदर २५ प्रतिशत र निजी क्षेत्रतर्फ प्रवाहित कर्जाको वृद्धिदर २० प्रतिशतमा रहने अनुमान यथावत् छ।

## मौद्रिक नीतिको कार्यदिशा

३४. चालु आर्थिक वर्षको ६ महिनाको अवधिमा मुद्रास्फीति दरमा आएको कमीले मौद्रिक स्पेशको स्थिति देखिए तापनि निजी क्षेत्रमा

क्रमशः १० पेजमा

जाने बैंक कर्जा वृद्धि उल्लेख्य रहेकोले मौद्रिक नीति वित्तीय क्षेत्र स्थायित्व कायम गर्न केन्द्रित गर्नुपर्ने अवस्था छ ।

३५. बैंक तथा वित्तीय संस्थाहरुले निक्षेप परिचालन र कर्जा लगानी बीच सन्तुलन मिलाउन नसकेका कारण लगानीयोग्य कोष (Loanable Fund) मा चाप परेको अवस्था छ । तोकिएको कर्जा-निक्षेप अनुपात कायम गर्दै कर्जा प्रवाह गर्न बैंक तथा वित्तीय संस्थाहरुले थप निक्षेप परिचालनमा जोड दिनुपर्ने देखिएको छ ।

३६. पछिल्लो समयमा ओभरड्राफ्ट, रियल स्टेट, हायर पर्चेज तथा शेयरको धितोमा प्रवाह भएको कर्जा समेत बढ्दै गएकोले यसबाट उत्पादनशील क्षेत्रमा आवश्यक वित्तीय स्रोतको कमी नहोस् भन्नेतर्फ सजग रहनुपर्ने देखिएको छ ।

३७. यसका अतिरिक्त सन्तुलित वित्तीय विकास, संस्थागत सुदृढीकरण, वित्तीय ग्राहकको हित संरक्षण, संस्थागत सुशासन एवम् उत्पादनशील क्षेत्रतर्फको लगानी प्रबर्द्धन गर्नेतर्फ मौद्रिक नीतिको अर्द्ध-वार्षिक समीक्षा अभिमुख रहेको छ ।

## मौद्रिक उपायहरु

३८. २०७३ असारमा जारी गरिएका भुक्तानी हुन बाँकी रु. ४५ अर्ब ३० करोड बराबरका नेपाल राष्ट्र बैंक ऋणपत्रहरु शून्य ब्याजदरमा सोझै खरिद गर्न यस बैंकले आह्वान गर्नेछ । यस बैंकमा रहेको खुला बजार कारोबार समितिले पटक पटक गरी २०७३ फागुन मसान्त भित्र बैंक तथा वित्तीय संस्थाहरुलाई आफुसँग रहेको नेपाल राष्ट्र बैंक ऋणपत्र बिक्री गर्न आह्वान गर्नेछ ।

३९. तरलताको अवस्था हेरी विभिन्न अवधिको रिपो/रिभर्स रिपो तथा सोझै खरिद/बिक्री जस्ता खुलाबजार कारोबारलाई निरन्तरता दिइने छ ।

४०. विद्यमान बैंक दर, अनिवार्य नगद अनुपात, वैधानिक तरलता अनुपात तथा पुनरकर्जा दरहरुलाई यथावत कायम गरिएको छ ।

## वित्तीय उपायहरु

४१. ओभरड्राफ्ट लगायतका रिभल्विङ प्रकृतिका व्यक्तिगत कर्जा सुविधाको सीमा रु. १ करोडबाट हाल रु. ७५ लाख कायम गर्नुपर्ने व्यवस्था गरिने छ । उपयोग गरिरहेका त्यस्ता कर्जाका हकमा २०७४ असार मसान्तभित्र उक्त सीमामा ल्याईसक्नु पर्नेछ ।

४२. बैंक तथा वित्तीय संस्थाहरुले रु. १ अर्ब वा सो भन्दा बढी रकमको बहु-बैंकिङ्ग कर्जा उपभोग गर्ने/गरिरहेका ऋणीहरुको कर्जा सहवित्तीयकरण कर्जामा परिणत गर्नुपर्ने व्यवस्थाको पालना नभएमा त्यस्तो कर्जालाई २०७४ असार मसान्तमा सूक्ष्म निगरानी वर्गमा वर्गीकरण गरी सोही बमोजिमको कर्जा नोक्सानी व्यवस्था गर्नु पर्नेछ ।

४३. माग तथा अल्प सूचनामा आधारित निक्षेप (Call Deposit) लाई पारदर्शी र यथार्थपरक बनाउन हाल बैंक तथा वित्तीय संस्थाहरुले व्यक्तिगत तथा संस्थागत दुबै किसिमको निक्षेप संकलन गर्ने गरेकोमा माग तथा अल्प सूचनामा आधारित निक्षेप (Call Deposit) मा साधारण बचत खातामा प्रदान गरिने भन्दा बढी ब्याज प्रदान गर्न नपाइने व्यवस्था मिलाइने छ ।

४४. कुनै पनि ऋणीले पेश गरेको वित्तीय विवरणहरु एकभन्दा बढी पाइएमा त्यस्तो कार्यलाई कसूर मानिने भनी हालै भएको बैंकिग कसूर सम्बन्धी ऐन, २०६४ को संशोधनमा समेत व्यवस्था रहेकोले त्यस्तो कर्जालाई खराब कर्जामा वर्गीकरण गरी शत प्रतिशत कर्जा नोक्सानी व्यवस्था गर्ने र तत्काल कर्जा असुलीको प्रकृया अगाडि बढाउनुपर्ने व्यवस्था कायम गरिने छ ।

४५. निजी प्रयोजनका सवारी साधनमा ऋण प्रवाह गर्दा सो सवारीको मूल्याङ्कनको अधिकतम ५० प्रतिशतसम्म मात्र बैंकले लगानी गर्न सक्ने व्यवस्था गरिएको छ । तर सार्वजनिक, निर्माण कार्य तथा सेवाका लागि प्रयोग हुने सवारी साधनको हकमा सो सीमा लागू हुने छैन ।

४६. उत्पादनशील क्षेत्रतर्फको कर्जा प्रवाहलाई प्रोत्साहन गर्ने उद्देश्यले वाणिज्य बैंकहरुबाट विपन्न वर्गमा प्रत्यक्ष रुपमा प्रवाह हुने २ प्रतिशतसम्मको कर्जा, "युवाहरुलाई व्यावसायिक कृषि कर्जामा प्रदान गरिने ब्याज अनुदान सम्बन्धी कार्यविधि, २०७१" बमोजिम प्रवाह हुने थप कर्जा तथा उत्पादनशील क्षेत्रतर्फ प्रवाह हुने कर्जाको ५० प्रतिशतसम्मको रकमलाई २०७४ असार मसान्तसम्म विद्यमान ८० प्रतिशतको कर्जा-निक्षेप (प्राथमिक पूँजी सहित) अनुपात गणना गर्दा घटाउन पाउने व्यवस्था गरिने छ ।

४७. व्यावसायिक कृषि परियोजनाको धितोमा प्रवाहित रु. १० लाखसम्मको कर्जा विपन्न वर्ग कर्जामा गणना गरिने व्यवस्था रहेकोमा साना तथा लघु व्यवसायहरुलाई चल/अचल सम्पत्ति धितो लिई वा उद्यम/परियोजना धितो लिई बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाह हुने रु. १० लाखसम्मको कर्जालाई पनि विपन्न वर्गमा गणना हुने व्यवस्था गरिने छ ।

४८. वित्तीय पहुँच विस्तार, गरिबी न्यूनीकरण तथा सामाजिक उत्थानमा योगदान पुऱ्याउन हेतु स्थापना हुने गरेका लघु वित्त संस्थाहरु विगत केही समययता बढी नाफा कमाउने उद्देश्य लिई इजाजतका लागि आवेदन हाल्ने होडबाजी चलेको देखिन्छ । यस तथ्यलाई ध्यानमा राखी लघुवित्त संस्थाको स्थापनाका लागि यस बैंकमा हालसम्म प्राप्त भएका निवेदन उपर निम्नानुसारको नीतिगत व्यवस्था गरिएको छ ।

(क) यस बैंकबाट वित्तीय कारोबार गर्न सैद्धान्तिक सहमति प्राप्त गरेका र Fit and Proper Test सम्पन्न भई अन्तरक्रिया सम्पन्न भइसकेका निवेदनको हकमा थप कारबाही अगाडि बढाउने ।

(ख) "घ" वर्गको संस्थामा परिणत हुन आवेदन प्राप्त भएका २५ वटा वित्तीय मध्यस्थताको कार्य गर्ने गैर- सरकारी संस्थाहरुको हकमा कानूनी तथा प्रशासनिक जटिलताको उपयुक्त निकास पश्चात् थप कारबाही अगाडि बढाउने ।

(ग) अन्य आवेदनका सम्बन्धमा अध्ययन गरी आवश्यक कार्य अगाडि बढाइने ।

४९. वाणिज्य बैंकहरुले विपन्न वर्गतर्फको प्रत्यक्ष लगानी अन्तर्गत न्यूनतम् २ प्रतिशत कर्जा लगानी गर्नुपर्ने विद्यमान व्यवस्थामा पुनरावलोकन गरी यस्ता कर्जाको गणना एवम् हर्जाना लगाउने व्यवस्था २०७५ असार मसान्तदेखि गरिने व्यवस्था मिलाइने छ ।

५०. विदेशबाट सामान आयात गर्ने व्यापारिक फर्म/कम्पनीले प्रतीतपत्र

क्रमशः ११ पेजमा

मार्फत् आयात हुने सामानको लागि प्रचलित व्यवस्था बमोजिम परिवर्त्य विदेशी मुद्रा भुक्तानी गर्नुपर्ने रकमसम्मको लागि बढीमा ९० दिनसम्म सम्बन्धित बैंकसँग विदेशी मुद्रामा Loan Book गर्न पाउने व्यवस्था गरिएको छ। त्यस्तो ऋण २०७४ वैशाख मसान्तसम्म मात्र प्रवाह गर्न पाइने छ।

५१. ट्रष्ट रिसिप्ट कर्जा (TR Loan), बिल्स, डिस्काउण्टिङ्ग वा त्यस्तै प्रकृतिका आयात कर्जा प्रदान गर्दा अधिकतम् १२० दिनसम्मको विद्यमान अवधिलाई २०७४ असार मसान्तसम्मका लागि १५० दिन कायम गरिएको छ।

**अन्त्यमा,**

५२. मौद्रिक नीतिको यस अर्द्ध-वार्षिक समीक्षामा गरिएका व्यवस्थाबाट आर्थिक गतिविधिहरु विस्तारमा सहयोग मिल्ने र वित्तीय क्षेत्रको स्थायित्व कायम गर्न मद्दत मिल्ने विश्वास लिइएको छ।

५३. यस अर्द्ध-वार्षिक समीक्षाको पूर्ण पाठ नेपाल राष्ट्र बैंकको वेवसाइट www.nrb.org.np मा राखिएको छ।

५४. मौद्रिक नीतिको कार्यान्वयनमा सहयोग पुऱ्याउनु हुने सबै सरोकारवालाहरुलाई धन्यबाद ज्ञापन गर्दै यस मौद्रिक नीतिको अर्द्ध-वार्षिक समीक्षामा प्रस्ताव गरिएका नीतिगत व्यवस्थाको कार्यान्वयनमा सबैको सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ।

## विद्यार्थीसँग नेपाल राष्ट्र बैंक



गभर्नरको कार्यालयको सहयोगमा फागुन २० गते श्री क्यामिन उच्च माध्यमिक विद्यालय, क्यामिन, तनहुँले 'विद्यार्थीसँग नेपाल राष्ट्र बैंक' कार्यक्रमको आयोजना गऱ्यो।

उक्त कार्यक्रममा गभर्नरको कार्यालयका सहायक निर्देशक सुरेश पन्तले विद्यार्थीहरूलाई आय, उपभोग, बचत, कर्जा, लगानी, बिमा, विप्रेषण, पुँजी निर्माण, नोटको जतन आदिका सम्बन्धमा आधारभूत जानकारी दिनुभयो। उहाँले उद्यमी बनी आत्मनिर्भर हुन विद्यार्थीहरुलाई अभिप्रेरित गर्नुका साथै कर्जाको सदुपयोग, मुलुकमा वित्तीय सेवाको पहुँचको अवस्था आदि बारे पनि प्रष्ट पार्नुभयो।

## बाग्मती सफाइमा सहभागिता

बाग्मती सफाइ महाअभियानको गौरवमय २००औं हप्ताको पदयात्रा कार्यक्रममा नेपाल राष्ट्र बैंक सक्रिय रुपमा सहभागी भयो। फागुन २८ गते मनोहरा तथा बाग्मतीको दोभान, शंखमूलमा आयोजित उक्त कार्यक्रममा बैंकका सबै तहका कर्मचारीहरुको सहभागिता रह्यो।




## लेखा निर्देशिका सम्बन्धी कार्यशाला गोष्ठीहरु सम्पन्न

वित्त व्यवस्थापन विभागको आयोजनामा फागुन ६ गते सिद्धार्थनगर कार्यालयमा र फागुन ८ गते जनकपुर कार्यालयमा "लेखा निर्देशिका" सम्बन्धी कार्यशाला गोष्ठी सम्पन्न भयो।



उक्त दुवै कार्यक्रममा वित्त व्यवस्थापन विभागका का. मु. कार्यकारी निर्देशक डा. वामदेव सिग्देलले सहभागीहरुलाई स्वागत गर्दै कार्यक्रमको औचित्य बारे प्रकाश पार्नुभयो। निर्देशक तेजबहादुर रानाले कार्यक्रम सफल बनाउन सहयोग गर्ने सम्पूर्ण सहभागीहरु, सम्बन्धित कार्यालयहरु एवम् कार्यपत्र प्रस्तोताहरुलाई धन्यवाद ज्ञापन गर्नुभयो। गोष्ठीमा उहाँहरुले सहभागीहरुबाट उठाइएका जिज्ञासाहरुलाई पनि सम्बोधन गर्नुभयो।

सिद्धार्थनगर कार्यालयमा सञ्चालित गोष्ठीमा विदेशी विनिमय व्यवस्थापन विभागका उपनिर्देशक मीना पाण्डेले लेखा निर्देशिका भाग १ र २, वित्त व्यवस्थापन विभागका सहायक निर्देशक डिल्लीराम पोखरेलले भाग ३ र ४ तथा सिद्धार्थनगर कार्यालयका निर्देशक रेवतीप्रसाद नेपालले "शाखा कार्यालयहरुको कारोबारको लेखाङ्कन विधि" सन्दर्भमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो।

जनकपुर कार्यालयमा सञ्चालित गोष्ठीमा वित्त व्यवस्थापन विभागका सहायक निर्देशक डिल्लीराम पोखरेलले लेखा निर्देशिका भाग १ र २, बैंकिङ कार्यालयका सहायक निर्देशक माधवप्रसाद पोखरेलले भाग ३ र ४ तथा जनकपुर कार्यालयका निर्देशक तुलसीप्रसाद घिमिरेले "शाखा कार्यालयहरुको कारोवारको लेखाङ्कन विधि" सन्दर्भमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो।

परिमार्जित लेखा निर्देशिकाबारे सरोकारवालाहरुलाई जानकारी गराउने तथा थप सुझाव संकलन गर्ने उद्देश्यले आयोजना भएका उक्त गोष्ठीहरु मध्ये सिद्धार्थनगर कार्यालयको गोष्ठी का. मु. उपनिर्देशक मोहनप्रसाद भट्टराईले र जनकपुर कार्यालयको गोष्ठी प्रधान सहायक चुडामणि पोखरेलले सञ्चालन गर्नु भएको थियो।

सिद्धार्थनगर कार्यालयमा सञ्चालन भएको गोष्ठीमा धनगढी, नेपालगञ्ज, पोखरा र सिद्धार्थनगर कार्यालयका गरी जम्मा ५० जना तथा जनकपुर कार्यालयमा सञ्चालन गरिएको गोष्ठीमा विराटनगर, जनकपुर र वीरगञ्ज कार्यालयका गरी जम्मा ४८ जना कर्मचारीहरुको सहभागिता रहेको थियो।

# कर्मचारी संघमा नयाँ नेतृत्व

नेपाल राष्ट्र बैंक, कर्मचारी संघ, केन्द्रीय समितिको सातौं महाधिवेशन फागुन १७ गते काठमाडौंमा सम्पन्न भयो ।



उक्त महाधिवेशनले ढुण्डीराज मिश्रको अध्यक्षतामा १८ सदस्यीय केन्द्रीय समिति चयन गऱ्यो । सो समितिको उपाध्यक्षमा रुद्रप्रसाद तिम्सिना र बाबुराम कोइराला, महासचिवमा गोविन्दप्रसाद भण्डारी, सचिवमा डण्डप्रसाद खरेल र कृष्ण के. सी., कोषाध्यक्षमा पदमराज जोशी र सहकोषाध्यक्षमा बबी के. सी. रहनु भएको छ । यसैगरी, सदस्यहरुमा उमाकान्त थपलिया, तुलसीराम गुरागाईं, विष्णुबहादुर श्रेष्ठ, सुरेश शिवाकोटी, कृष्णप्रसाद गौतम, हरिप्रसाद अर्याल, भरतदेव पाण्डेय, कमला अर्याल, खगेश्वर भण्डारी र शारदा लोहनी छानिनु भएको छ ।

सो महाधिवेशनको उद्घाटन माननीय सभासद् तथा पूर्व अर्थमन्त्री सुरेन्द्र पाण्डेबाट फागुन १५ गते बैंकको केन्द्रीय कार्यालय, बालुवाटारमा भएको थियो । उद्घाटन समारोहमा गभर्नर डा. चिरंजीवि नेपालले विशिष्ट अतिथिका रुपमा मन्तव्य दिनुहुँदै संस्था रहेमात्र सो संस्थासँग सम्बद्ध युनियनहरु रहने भएकोले सबैले संस्थाको सर्वोपरि हितका लागि जिम्मेवारी साथ काम गर्नुपर्ने धारणा राख्नु भएको थियो । पूर्व गभर्नर डा. युवराज खतिवडा र पूर्व डेपुटी गभर्नर महाप्रसाद अधिकारीले आफूहरु राष्ट्र बैंकमा रहँदा गरेका कार्यहरु स्मरण गर्दै नेपाल राष्ट्र बैंकको प्रतिष्ठा सदा उँचो देख्न चाहेको बताउनु भएको थियो ।

नेपाल राष्ट्र बैंक, कर्मचारी संघका पूर्व अध्यक्ष प्रेमप्रसाद पाण्डेले शुभकामना मन्तव्य राख्नु भएको सो कार्यक्रममा संघका तत्कालीन अध्यक्ष वसन्तराज पाण्डेले संघले राखेका मागहरु मध्ये केही मागहरुको सम्बोधन नभएको गुनासो गर्दै संघीय प्रणालीमा बैंकको संरचना, सेवा अवधि, दरवन्दी, पुनर्निर्माण आदिका सम्बन्धमा आफ्ना विचारहरु व्यक्त गर्नु भएको थियो । तत्कालीन महासचिव ढुण्डीराज मिश्रले संघको अवधारणा बारे प्रकाश पार्नुभएको थियो ।

बैंकका सबै तहका कर्मचारीहरु उपस्थित रहेको सो सत्रमा पूर्व गभर्नर खतिवडा र पूर्व डपुटी गभर्नर अधिकारी तथा संघका निवर्तमान अग्रजहरुलाई सम्मान गरिएको थियो । कार्यक्रमको सञ्चालन गोविन्दप्रसाद भण्डारीले गर्नु भएको थियो ।

# वित्तीय साक्षरता कार्यक्रम

सर्वसाधारण, महिला, विद्यार्थी आदिलाई वित्तीय चेतना प्रदान गरी उनीहरुलाई उद्यमी बन्न तथा इजाजतपत्र प्राप्त संस्थाहरुसँग मात्र वित्तीय कारोवार गर्न अभिप्रेरित गर्ने उद्देश्यले नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालयको सहयोग र विभिन्न संस्थाहरुको आयोजनामा नुवाकोट, चितवन र झापामा वित्तीय साक्षरता सम्बन्धी कार्यक्रमहरु भएका छन् ।




फागुन १० गते मानुषी लघुवित्त कार्यक्रम नामक संस्थाको आयोजनामा नुवाकोटको चाउथेमा वित्तीय साक्षरता कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा गभर्नरको कार्यालयका उपनिर्देशक विभुप्रसाद अर्यालले वित्तीय चेतना सम्बन्धी ज्ञान प्रदान गर्नुभयो । उहाँले नेपालको बैंकिङ प्रणालीको बारेमा प्रकाश पार्नुका साथै वित्तीय चेतनासँग सम्बन्धित अत्यावश्यकीय जानकारीहरु पनि प्रस्तुत गर्नुभयो ।

अन्ट्रप्रनर्स नेपालको आयोजनामा फागुन ९ गते चितवनको पटिहानीमा र फागुन २२ गते झापाको जामुनबारीमा वित्तीय साक्षरता सम्बन्धी कार्यक्रम सम्पन्न भयो । पटिहानीमा आयोजित कार्यक्रममा गभर्नरको कार्यालय सहायक निर्देशक सिर्जना श्रेष्ठ नेपाल राष्ट्र बैंकको प्रतिनिधिको रुपमा सहभागी हुनुभयो ।

**प्रकाशक**
नेपाल राष्ट्र बैंक गभर्नरको कार्यालय, जनसम्पर्क महाशाखा
बालुवाटार, काठमाण्डौं, फोन : ४४१९८०४, Ext.: ३६२
ईमेल : samachar@nrb.org.np, वेवसाईट : www.nrb.org.np

**सम्पादक**
शम्भुनाथ ढुङ्गाना

**सम्पादन सहयोगी**
सुरेश पन्त
सार्थक कार्की
नवीना ताम्राकार

*मुद्रण :* अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन, अनामनगर, काठमाडौं, *फोन नं.* ०१-४२६७५१८, ४२६८११६